नेपाली राजदूतावास
Embajada de Nepal
Madrid, España

# प्रेस विज्ञप्ति

नेपाली राजदूतावास, म्याड्रिडले गणतन्त्र दिवसको अवसरमा आज विहान राजदूतावासका कर्मचारी लगायतको सहभागितामा एक संक्षिप्त कार्यक्रम सम्पन्न गरेको थियो। । स्पेनका लागि नेपाली राजदूत महामहिम डा. शर्मिला पराजुली ढकालज्यूले गणतन्त्र स्थापनाका लागि नेपाल र नेपालीहरूले गरेको संघर्ष र बलिदानीको स्मरण गर्दै गणतन्त्र दिवसको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण दाजुभाई, दिदिबहिनी तथा आमा बुबालाई शुभकामना व्यक्त गर्नुभयो।

गणतन्त्र दिवसको उपलक्ष्यमा महामहिम राजदूत डा. शर्मिला पराजुली ढकाल, श्री विमल ढकाल, सहचारी श्री बिपिन चन्द तथा अन्य कर्मचारीहरूको उपस्थिति सहित राजदूत ढकालले राजदूत निवास परिसरमा राष्ट्रिय गान सहित नेपालको झण्डा फहराउनुभएको थियो। जेठ १६ गते राजदूतावास र राजदूत निवासमा दिपावली गरिने छ।

२८ मे २०२४
राजदूत निवास
म्याड्रिड, स्पेन।

Calle Del Gral Oraá, 3, Bajo, Izq. -28006 Madrid. Tel: (+34) 91 103 82 85, Fax: (+34) 91 103 82 89
E-mail: info@embajadadenepal.es